# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७७।०२।२८ गते।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला कैलाली, गौरीगंगा नगरपालिका वडा नं. १० का बृख बहादुर धामीले सेवाग्राहीको घरायसी झगडा सम्बन्धी ईलाका प्रहरी कार्यालय मसुरीया कैलालीमा दर्ता भएको मुद्दामा प्रहरी कर्मचारीको मिलेमतोमा दुःख हैरानी दिई सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुरबाट खटिई गएको टोलीले निज बृख बहादुर धामीलाई सेवाग्राहीसँग रु.५०,०००।-(पचास हजार) घुस/रिसवत बापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा ईलाका प्रहरी कार्यालय मसुरीया, कैलालीका प्रहरी नायब निरीक्षक दिल बहादुर महराले निज कार्यरत रहेको ईलाका प्रहरी कार्यालयमा दर्ता भएको झगडा मुद्दा मिलाई दिने भनी आफ्नो लागि बृख बहादुर धामीमार्फत सेवाग्राहीबाट रु. ५०,०००।—(पचास हजार) घुस/रिसवत माग गरी उक्त रकम लिन मञ्जुर भई बृख बहादुर धामीलाई लिन लगाई निजलाई नै राख्न सहमति दिएको प्रमाणित भएकोले निज दिल बहादुर महराको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर देखिंदा निज दिल बहादुर महरालाई बिगो रु. ५०,०००।— कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम सजाय हुन मागदाबी लिइएको छ ।

साथै सोही मुद्दा मिलाउन मध्यस्थकर्ताको काम गर्ने गौरीगंगा नगरपालिका वडा नं. १० उदाशिपुर बस्ने बृख बहादुर धामीले ईलाका प्रहरी कार्यालय, मसुरीया कैलालीका प्रहरी नायब निरीक्षक दिल बहादुर महरालाई दिन भनी सेवाग्राहीबाट रु. ५०,०००।— घुस/रिसवत लिएको प्रमाणित भएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसुर गरेको देखिंदा निज बृख बहादुर धामीलाई बिगो रु. ५०,०००।— कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला